**सबैले पेस गर्नुपर्ने कागजात रहेको छ।**

सूचना R5–D

# पेस गर्नु भएन भने,
# भर्ना टेवा रकमको लागि समीक्षा गर्न मिल्दैन

## ◆ निम्न कागजातलाई कार्यालय कक्षमा पेस गर्नुहोस्।

※आवेदन नगर्ने व्यक्तिले पनि आवेदन गर्न चाहे नचाहेको निश्चय गर्नका लागि, "भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)" अवश्य पनि पेस गर्नुहोस्।

1 भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)

2 उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्तीका लागि योग्यता प्रमाणीकरण आवेदनपत्र) फारम नं(1 .

◇ **कागजात भर्दा, विशेषगरी निम्न निश्चय गर्नुपर्ने बुँदालाई सही तवरले लेख्नुहोस्।**
**लेख्नु भएको विषयवस्तुमा गल्ती भेटिए समीक्षा गर्नमा ढिलाइ हुन सक्छ।**

- उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्ति योग्यता प्रमाणीकरण आवेदन फाराम (पछाडिको पृष्ठ)मा भएको संरक्षकको पूरा नाम, जन्ममिति
- उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्ति योग्यता प्रमाणीकरण आवेदन फाराम (पछाडिको पृष्ठ)को सन् 2023 जनवरी 1 तारिखको समयमा भएको ठेगाना स्थल

※ व्यक्तिगत नम्बर (माइनम्बर) थाहा हुने कागजात भने, पहिल्यै पेस गरिसक्नु भएकोले पुनः पेस गर्नुपर्ने आवश्यकता छैन।

## ◆ सन् 2022को आय सम्बन्धमा कर घोषणा गर्नु भएको छ?

◇ **कर घोषणा नगरेको भए यथाशीघ्र घोषणा गर्न जानुपर्छ।**

आर्थिक वर्ष 2023को कर रकम (सन् 2022 जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिखसम्मको आय) अनुसार समीक्षा गरिन्छ। माइनम्बरबाट कर विवरण प्राप्त गर्ने कार्य गरिने भएकोले, त्यस समयसम्ममा कर घोषणा नगरेर, कर रकम निर्धारण नभएको खण्डमा, **भर्ना टेवा रकमको समीक्षा गर्न मिल्दैन (लाभ भुक्तानी निर्धारण गर्न नमिल्ने भएर अध्यापन शुल्क तिर्नुपर्ने हुन्छ)**।

## (सन्दर्भ सामाग्री स्वरूप) भर्ना टेवा रकम प्रणाली भन्नाले ?

◇ **भर्ना टेवा रकम प्रणाली भन्नाले**?

आवेदन दिने प्रक्रिया अपनाउनाले, भर्ना टेवा रकम प्राप्त गर्न सकिन्छ। विद्यालयले विद्यार्थीको सट्टामा राष्ट्र (सरकार)बाट भर्ना टेवा रकम लिई, अध्यापन शुल्कमा भरण गर्ने भएकोले, विद्यार्थीले अध्यापन शुल्क चुक्ता गर्नुनपर्ने हुन्छ। (तसर्थ, यो वास्तविकतामा भर्ना टेवा रकम आफ्नो हातमा पर्ने प्रणाली होइन।)

◇ **दायरामा पर्ने घरपरिवार**?

तलको हिसाब सूत्र (संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) सबैजना) बमोजिम हिसाब गरेको राशि, ¥ 304,200 **भन्दा कम** (**वार्षिक आय करिब** 91 **लाख येन भन्दा कम**) भएका महानुभाव

**【हिसाब सूत्र】स्थानीयवासी करको कर लागेको मानक राशि × 6% – स्थानीयवासी करको समायोजित कटौती राशि**

※ सरकारी नियममा निर्धारित शहर भएमा, "समायोजित कटौती राशि" लाई 3/4 ले गुणन गरेर हिसाब गर्ने।

※ सन् 2023 जुलाईको हिस्सादेखि सन् 2024को जुन महिनाको हिस्साको समीक्षा गर्दा, भुक्तानीको दायरामा पर्ने विद्यार्थीहरू चाँडै जन्मिएको र आश्रितले पाउने कर-कटौती लागु भएर अन्य उही शैक्षिक वर्षको विद्यार्थी भन्दा पनि एक वर्ष ढिला हुने अवस्थामा (सन् 2007 जनवरी 2 तारिखदेखि अप्रिल 1 तारिखमा जन्मिएका विद्यार्थी दायरामा पर्ने) तल उल्लिखित हिसाब सूत्र अनुसार दायरामा पर्ने घरपरिवारको निर्धारण गरिन्छ।

**【सूत्र】(स्थानीय करको कर लागेको मानक राशि - 3 लाख 30 हजार येन) × 6 % - स्थानीय करको समायोजित कर-कटौती राशि**

## ◆ भर्ना टेवा रकम (सन् 2023 जुलाईदेखि आउँदो वर्ष जुनसम्मको हिस्सा) को समय तालिका

**माइनम्बरबाट आवेदन / निवेदन दर्ता**

सन् 2022 जुलाई

सन् 2022 जुलाईदेखि आउँदो वर्षको जुनसम्मको हिस्साको समीक्षा

<u>दायरामा नपरेका व्यक्ति</u>
यस सूचना प्राप्त गरेका व्यक्ति (लाभ प्राप्य सर्त नपुगेर, भर्ना टेवा लाभ नपाएका व्यक्ति, आवेदन नदिएका व्यक्ति)

<u>(सन्दर्भ सामाग्री स्वरूप) दायरामा परेका व्यक्ति</u>
सन् 2023 जुलाईमा आवेदन दिनुपर्छ

**सन् 2023 जुन**

<यस पटक>
"सन् **2023** जुलाईदेखि आउँदो वर्षको जुनसम्मको हिस्सा" को समीक्षाका लागि आवेदन कागजात पेस

● पेस गर्ने कागजात
1 भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)
2 उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्तीका लागि योग्यता प्रमाणीकरण आवेदनपत्र

**पेस गर्ने समयसीमा: 2023 साल 年 महिना 月 तारिख 日**

सन् 2023 जुलाई

सन् 2023 जुलाईदेखि आउँदो वर्ष जुनसम्मको हिस्साको समीक्षा
प्रान्तीय शिक्षा परिषद्ले व्यक्तिगत नम्बर (माइनम्बर) प्रयोग गरेर कर रकम निश्चय गरी, दायरामा पर्ने नपर्ने समीक्षा गर्नेछ।

समीक्षाको नतिजा हुलाक (समीक्षाको नतिजा हुलाक मार्फत सूचित गरिने छ।)

## (सन्दर्भ सामाग्री) घरायसी खर्चमा आकस्मिक परिवर्तन भएका घरपरिवारलाई दिइने सहायता सम्बन्धमा

◇ **घरायसी खर्चमा आकस्मिक परिवर्तन भएका घरपरिवारलाई दिइने सहायता भन्नाले**?

○ उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकमको समीक्षा गर्दा, वार्षिक आय करिब 91 लाख येन वा सो भन्दा बढी भएका घरपरिवारमा परेर, लाभ प्राप्तिको दायरामा नपरी, अध्यापन शुल्क वहन गर्नुहुने महानुभाव भएपनि, त्यसपछि परिस्थितिवस घरायसी खर्चमा आकस्मिक परिवर्तन (आम्दानीमा अत्याधिक कमी) आउन गई, एक निश्चित शर्त भित्र परिन्छ भने उच्च माध्यमिक विद्यालयहरूको भर्ना टेवा रकम प्रणालीको घरायसी खर्चमा आकस्मिक परिवर्तन हुँदाको सहायता※को दायरामा परिने हुनसक्छ।

※आर्थिक वर्ष 2023मा "उच्च माध्यमिक विद्यालयहरूको भर्ना टेवा रकम प्रणालीमा घरायसी खर्चमा आकस्मिक परिवर्तन हुँदाको सहायता" स्थापना गरिएको हो। विस्तृतमा कार्यकक्षमा सोधपुछ गर्नुहोस्।

नबुझिएको कुरा, खानागावा प्रान्त________उच्च माध्यमिक विद्यालयको कार्यकक्ष फोन नं.____मा सम्पर्क गर्नुहोला।

सबैले पेस गर्नुपर्ने

(सूचना R5-D)

# भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)

(आवेदन दिए पनि नदिए पनि अवश्य पनि पेस गर्नुहोस्।)

विद्यार्थीको नाम　　　　　　　　　क्लास　वर्ष　सेक्सन　नम्बर

संरक्षक (नाम थर) 1　　　　　　　दिउँसो सम्पर्क हुने फोन नम्बर

संरक्षक (नाम थर) 2　　　　　　　दिउँसो सम्पर्क हुने फोन नम्बर

**ध्यान पुऱ्याउनु पर्ने बुँदा**

- निश्चय गर्नुपर्ने बुँदाको नम्बर अनुसार भर्नुहोला।
- कृपया विद्यार्थी आफैले लेख्नुहोस् संरक्षकले लेखिदिन पनि मिल्छ।

**निश्चय गर्नुपर्ने बुँदा 1**

उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकममा आवेदन दिनुहुन्छ?

【निम्न मध्ये कुनै □ मा राइट चिन्ह लगाउनुहोस्।】

□ आवेदन दिन्छु।
(भर्ना टेवा रकमको दायरामा परेमा, अध्यापन शुल्क वहन गर्नुपर्ने छैन। ())

□ आवेदन दिन्न।
(अध्यापन शुल्क तिर्नु पर्)

**निश्चय गर्नुपर्ने बुँदा 2**

पेस गर्नुपर्ने कागजात निश्चय गर्नुहोस्।

【पेस गर्नुपर्ने कागजात】
□ भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि) <मुख्य फारम>
लेख्नु पर्ने यहाँ सम्म मात्र हो। मुख्य फारम पेस गर्नुहोस्।
निश्चय गर्नुपर्ने बुँदा निश्चय गर्नुपर्ने केही पनि छैन। ,का सम्बन्धमा 3

【पेस गर्नुपर्ने कागजात】
- □ भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि) <मुख्य फारम) >
- □ उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्तीका लागि योग्यता प्रमाणीकरण आवेदनपत्र आय अवस्था निवेदनपत्र /
- □ अन्य (　　　　　　　　)

आवेदन दिने व्यक्तिलेपछाडिको पृष्ठ समेत हेर्नुहोला,

विद्यालयमा प्राप्त मितिसन्　साल　महिना　तारिख :

## निश्चय गर्नुपर्ने बुँदा 3

- निश्चय गर्नुपर्ने बुँदा 2 को पेस गर्नुपर्ने कागजातलाई, छात्रवृत्ति लाभ रकम भुक्तानी गर्ने कार्यमा पनि प्रयोग गरिनेछ।

- छात्रवृत्ति लाभ रकम (खानागावा प्रान्तका उच्च माध्यमिक तहका विद्यार्थीहरूको छात्रवृत्ति लाभ रकम) भन्नाले ?
  जीवनयापन संरक्षण प्राप्त गरेका घरपरिवार अथवा बसोबास कर आय दरमा कर नलागेको घरपरिवारलाई दायरामा पार्दै, अध्यापन शुल्क बाहेकको शिक्षण खर्चको वहनलाई केही हलुका गराउनको लागि लाभ रकम (फिर्ता गर्नु नपर्ने) प्रदान गर्ने प्रणाली हो।
  <सन्दर्भ सामाग्री> प्रान्तको वेबसाइट
  http://www.pref.kanagawa.jp/docs/en7/cnt/f531013/

- छात्रवृत्ति लाभ रकमको भुक्तानी प्राप्त गर्नको लागि, भिन्नै आवेदन दिनुपर्ने हुन्छ।
- आवेदन दिँदा, जीवनयापन संरक्षण प्राप्त गरिरहेको प्रमाणपत्र, व्यक्तिगत नम्बर (माइनम्बर) भएको कागजात अथवा कर लागु प्रमाणपत्र आदि आवश्यक पर्छन्।
- आवेदन विधिहरूको लागि विद्यालयबाट भिन्नै जानकारी दिइनेछ। (जुन महिनाको अन्त्य तिर)
- भर्ना टेवा रकमको आवेदन दिँदा, व्यक्तिगत नम्बर (माइनम्बर) भएको कागजात पेस गरेको खण्डमा, छात्रवृत्ति लाभ रकमको आवेदन दिँदा, व्यक्तिगत नम्बर (माइनम्बर) भएको कागजात पुनः पेस गर्नुपर्ने आवश्यकता रहँदैन।
- लाभ भुक्तानीको दायरामा पर्ने सम्भावना भएका परिवारका महानुभावलाई, विद्यालयबाट सम्पर्क गरिने हुनसक्छ।

भर्ने उदाहरण



**令和 ○年 ○月 ○日**

भर्नु भएको मिति लेख्नुहोस्।

神奈川県教育委員会　殿

# 高等学校等就学支援金

भर्ना टेवा रकम

☑ 受給資格認定申請書（初回時）

高等学校等就学支援金（以下「就学支援金」といいます。）の受給資格の認定を申請します。

उच्च माध्यमिक विद्यालय आदिमा भर्ना टेवा रकम प्राप्तीका लागि योग्यता प्रमाणीकरण आवेदनपत्र （पहिलो पटक）
उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम प्राप्त गर्ने योग्यता प्रमाणीकरण आवेदन गर्छौं
अब उपरान्त, “भर्ना टेवा रकम” भनिने।

एकमा चिन्ह लगाउनुहोस्।

लाभ ग्रहण योग्यता प्रमाणित नभएका व्यक्तिले माथिको “ लाभ ग्रहण योग्यता प्रमाणीकरण आवेदन पत्र” मा, पहिले नै प्रमाणीकरण भै सकेका व्यक्तिले तलको “आय अवस्था दर्ता पत्र” मा レराइट चिन्ह लगाउनुहोला।

☐ 収入状況届出書（2回目以降）

既に受給資格認定を受けているため、就学支援金の支給に関して、保護者等の収入の状況に関する事項について、届け出ます。

आय अवस्था दर्ता पत्र(दोस्रो पटक पछि)
उच्च माध्यमिक विद्यालय आदिको अध्ययन टेवा रकम प्राप्ती सम्बन्धमा, संरक्षक व्यक्ति लगायतको आय-अवस्था बारेका बुँदामा निवेदन पेश गर्छु।

（上の２つの□のうち、いずれかの□にレ印を付けてください。）

**（次の事項を必ず確認の上、両方の□にレ印を付けてください。）**

पुष्टि गरेपछि, निम्न २ बुँदामा अवश्य पनि ✓ चिन्ह लगाउनुहोस्।

☑ यस आवेदन पत्र अथवा निवेदन पत्रको लिखित विषयवस्तु, वास्तविकतासँग फरक परेको छैन।

☑ यस आवेदन पत्र अथवा निवेदन पत्रमा झुटो वर्णन पेस गरि, भर्ना टेवा रकम प्राप्त गराएको अवस्थामा, अवैध लाभ जफत हुने या ३ वर्ष भन्दा कमको कैद अथवा १० लाख जापानी येन भन्दा कमको जरीवाना लगायतका सजाय पनि हुन सक्ने कुरामा मन्जुरी जनाउँछु।

（以下の空欄に生徒本人が署名してください。保護者等による代筆も可能です。記入に当たっては、別紙の「記入上の注意」及び「留意事項」をよく読んでから記入してください。）

कृपया विद्यार्थी आफैले लेख्नुहोस्　　संरक्षकले लेखिदिन पनि मिल्छ।

| ふりがな | | **ばんごう** | | **こたろう** |
|---|---|---|---|---|
| 生徒の氏名 | 姓 | **番号** | 名 | **子太郎** |

विद्यार्थीको नाम अङ्ग्रेजी अक्षर र जापानी ध्वनात्मक अक्षरमा लेख्नुहोस्

| | |
|---|---|
| 生徒の生年月日 | **平成19** 年 **8** 月 **15** 日 |
| 生徒の住所 | 〒 **231-0021**<br>**神奈川** 都道府(県) **横浜** (市)区町村 **中区日本大通り1000** |
| 保護者等の電話番号 | **父090-0000-0000**　**母080-0000-0000** |
| 保護者等の電子メールアドレス | **XXXXXXXXXXXX＠XXXXX. XX. XX** |
| 生徒が在学する学校の名称 | **神奈川県立○○学校** |

विद्यार्थीको जन्ममिति लेख्नुहोस्।

विद्यार्थीको ठेगाना लेख्नुहोला।

फोन नम्बर लेख्दा, दिउँसो सम्पर्क हुने संरक्षकहरू सबैजनाको सम्पर्क नम्बर लेख्नुहोला।
इमेल एड्रेस लेख्दा, सम्पर्क हुने एउटा उल्लेख गर्नुहोस्।

【1. उच्च माध्यमिक विद्यालयहरूमा अध्ययनरत अवधि बारेमा]】
(स्यून्यू ज्योउ-क्योउ तोदोके-स्यो भनिने ‘आम्दानी अवस्था निवेदन दर्ता पत्र’ हो भने लेख्न नपर्ने।)
※निम्न मध्ये कुनै एक लागू हुने व्यक्तिले भर्ना टेवा रकमको ग्रहण योग्यता प्रमाणीकरणको आवेदन दिन सक्दैन।

・उच्च माध्यमिक विद्यालय आदि (अध्ययन अवधि ३ वर्ष भन्दा कम भएको व्यक्ति बाहेक) दीक्षित वा समापन गरेको व्यक्ति

・उच्च माध्यमिक विद्यालय आदिमा अध्ययनरत रहेको समयावधि (निर्धारित समय प्रणाली तथा सञ्चार प्रणाली आदिलाई ४ भागको ३ स्वरूप हिसाब) सबै गरि ३६ महिना भन्दा बढी भएको व्यक्ति (यद्यपि, भर्ना टेवा रकमको प्राप्ति रोकिएको समयावधि भने समावेश नहुने।)

| | | | |
|---|---|---|---|
| ①現在通っている高等学校等の在学期間 | 学校名<br>**神奈川県立○○学校** | 年　月　日～<br>（うち支給停止期間等）<br>年　月　日<br>～　年　月　日 | 学校の種類・課程・学科<br>**①高等学校（全日制）** |
| ②過去に別の高等学校等に在学していた期間 | 学校名 | 年　月　日<br>～　年　月　日<br>（うち支給停止期間等）<br>年　月　日<br>～　年　月　日 | 学校の種類・課程・学科 |

हाल अध्ययनरत रहेको उच्च माध्यमिक विद्यालयमा भर्ना (अर्को विद्यालयबाट स्थानान्तरण) गरेको मिति उल्लेख गर्नुहोस्।

विगतमा उच्च माध्यमिक विद्यालय आदिमा अध्ययन गरेको भए उल्लेख गर्नुहोला।

【2. संरक्षक आदिको आय अवस्था बारेमा】

आवेदन वा निवेदन दिँदा संरक्षकहरूको अवस्था एवम् सङ्लग्न गर्ने व्यक्तिगत नम्बर कार्डको प्रतिलिपिहरू (व्यक्तिगत नम्बर कार्ड, सूचना कार्ड, व्यक्तिगत नम्बर उल्लेख गरिएको बसोबास पत्रको प्रतिलिपि, बसोबास तथ्य उल्लेखित प्रमाणपत्र) सम्बन्धमा निम्नानुसार हुन्छ। (तलको ① देखि ⑦ सम्मको कुनै एक ☐ मा राइट चिन्ह लगाउनुहोस्।)

**(1) तलका संरक्षकहरूको व्यक्तिगत नम्बर कार्डको प्रतिलिपि सङ्लग्न गर्ने।**

① ✓ **अभिभावकको अधिकार प्राप्त व्यक्ति （आमाबाबु） २ जनाकै भाग**
विद्यार्थी नाबालिग (18 वर्ष भन्दा कम उमेरको) हो र, अभिभावकको अधिकार प्राप्त व्यक्ति (आमाबुवा) 2 जना हुनुहुन्छ भने

> ① देखि ⑦सम्मको कुनै एकमा ✓चिन्ह लगाउनुहोस्।

② ☐ **अभिभावकको अधिकार प्राप्त व्यक्ति १ जनाको भाग** ((ア) वा (イ) मध्ये कुनै एक ☐ कोठा भित्र ✓ चिन्ह लगाउनु होला।)
यदि अभिभावकीय अधिकार भएको व्यक्ति बाल मार्गदर्शन केन्द्र वा बाल कल्याण सुविधाको निर्देशक हुनुहुन्छ जससँग अस्थायी अभिभावकीय अधिकार छ भने, कृपया ⑤ देखि ⑦ सम्म कुनै पनि बाकस जाँच गर्नुहोस्।

- ☐ ア अभिभावकको अधिकार प्राप्त व्यक्ति मध्येको कसैको पनि जापान भित्र ठेगाना नभएको लगायत व्यक्तिगत नम्बर प्राप्त नगरेको खण्डमा
- ☐ イ
  - छोडपत्र, मृत्यु आदिले गरेर अभिभावकको अधिकार प्राप्त व्यक्ति 1 जना मात्र भएमा,
  - अभिभावकको अधिकार प्राप्त व्यक्ति भएको तर, घरपरिवारको परिस्थितिद्वारा बाध्यतावश: अभिभावकको अधिकार प्राप्त व्यक्ति मध्ये 1 जनाको व्यक्तिगत नम्बर कार्डको प्रतिलिपि सङ्लग्न गर्न नसकिएको अवस्था आदिमा

> अभिभावकको अधिकार प्राप्त व्यक्ति नभइ, नाबालिगको संरक्षक नियुक्त गरिएको अवस्थामा, त्यसको व्यक्ति सङ्ख्या लेख्नुहोला।

③ ☐ **नाबालिगको संरक्षक ☐ जनाको भाग**
अभिभावकको अधिकार प्राप्त व्यक्ति नभइ, नाबालिगको संरक्षक नियुक्त गरिएको अवस्था （नाबालिगको संरक्षक धेरै जना नियुक्त गरिएको अवस्थामा, सबैजनाको भाग）
（नाबालिगको संरक्षक, संघसंस्था भएको अवस्था वा सम्पत्ति सम्बन्धी अधिकार मात्रै प्रयोग गर्नुपर्ने गरिएको व्यक्ति भएको अवस्थामा, त्यो व्यक्ति बाहेक।）

④ ☐ **विद्यार्थीको जीविकोपार्जन त्यस आम्दानीद्वारा निर्वाह गरिरहेको व्यक्ति (उपरान्त "जीवन निर्वाह हेरिदिने प्रमुख व्यक्ति" भनिने) (आमाबाबु आदि) दुई जना**
विद्यार्थीहरू अध्ययनरत हुँदाहुँदै बालिग भएको अवस्था आएको र, बालिग हुनु ठिक अघि नाबालिग हुँदैको समयदेखि आवेदनको समयसम्म जीवनयापन हेरिदिने व्यक्ति परिवर्तन नभएको अवस्थामा

⑤ ☐ **जीवन निर्वाह हेरिदिने प्रमुख व्यक्ति एक जनाको हिस्सा** ((ア) वा (イ) मध्ये कुनै एक ☐ कोठा भित्र ✓ चिन्ह लगाउनु होला।)

- ☐ ア विद्यार्थीहरू अध्ययनरत हुँदाहुँदै बालिग भएका अवस्था भई, बाबुआमा मध्येको एक जना कर-कटौतीको दायरामा पर्ने पति वा पत्नी भएको र, स्थानीय कर आय दर लागेको भएपनि आय हदबन्दीको आवश्यक सर्त या अतिरिक्त भुक्तानीको वर्गीकरणमा असर नपार्ने कुरा स्पष्ट भएको अवस्थामा
- ☐ イ
  - विद्यार्थी नाबालिग भएपनि, अभिभावकको अधिकार प्राप्त व्यक्ति अथवा नाबालिग हेरबिचारकर्ता नभएको अवस्थामा,
  - विद्यालय भर्नाके समयमा विद्यार्थी बालिग हो तर, जीवन निर्वाह हेरिदिने प्रमुख व्यक्ति भएको अवस्थामा,
  - विद्यार्थी बालिग भएको र, नाबालिग रहेको समयमा अभिभावकको अधिकार प्राप्त व्यक्ति एक जना रहेको अवस्थामा,
  - विद्यार्थी बालिग भएको र, नाबालिग रहेको समयमा अभिभावकको अधिकार प्राप्त व्यक्ति अथवा नाबालिग हेरबिचारकर्ता नरहेको अवस्था आदिमा

⑥ ☐ **विद्यार्थी मूलव्यक्ति**
अभिभावकको अधिकार प्राप्त व्यक्ति, नाबालिगको संरक्षक अथवा मुख्य जीविकोपार्जन निर्वाहकर्ता मध्ये कोहिपनि नभएको अवस्था रहेको आदि

**(2) निम्न कारणद्वारा व्यक्तिगत नम्बर कार्डको प्रतिलिपि सङ्लग्न गर्दिन।**

⑦ ☐ अभिभावकको अधिकार प्राप्त व्यक्ति, नाबालिगको संरक्षक नभएको अवस्था वा मुख्य जीविकोपार्जन निर्वाहकर्ताहरू सबै, जापान भित्र ठेगाना नभएको लगायत व्यक्तिगत नम्बरको निर्धारण प्राप्त नगरेको खण्डमा

व्यक्तिगत नम्बर कार्डको प्रतिलिपि सङ्लग्न गर्ने संरक्षकहरूको नामथर एवम् विद्यार्थीसँगको नाता (⑥मा राइट चिन्ह लगाएको खण्डमा आवश्यक पर्दैन।)उक्त वर्षको जनवरी 1 तारिखमा (आवेदन वा निवेदन दर्ता गर्ने महिना जनवरीदेखि जुन महिना भित्र पर्छ भने, त्यो भन्दा अघिल्लो वर्षको जनवरी 1 तारिखमा) जीवनयापन सहायता प्राप्त गरिरहेको खण्डमा, तलको ☐ मा ✓चिन्ह लगाउनु होस्।

| 氏名（しめい） | 生徒との続柄（せいととつづきがら） |
|---|---|
| (ふりがな) ばんごう　たろう<br>番号　太郎 | 父 |
| 生年月日（せいねんがっぴ） | 1975 年 6 月 6 日 |
| ☐ जीवनयापन सहायता प्राप्त गरिरहेको | |

| 氏名（しめい） | 生徒との続柄（せいととつづきがら） |
|---|---|
| (ふりがな) ばんごう　はなこ<br>番号　花子 | 母 |
| 生年月日（せいねんがっぴ） | 1977 年 3 月 31 日 |
| ☐ जीवनयापन सहायता प्राप्त गरिरहेको | |

> व्यक्तिगत नम्बर कार्डको प्रतिलिपि सङ्लग्न गर्ने व्यक्तिको नाम थर र विद्यार्थीसँगको नाता उल्लेख गर्नुहोस्।

माथि उल्लेखित संरक्षकहरूको उक्त सालको जनवरी 1 तारिखमा (आवेदन वा निवेदन दिने महिना अप्रिल देखि जुन महिना भित्र पर्छ भने, त्यो भन्दा अघिल्लो वर्षको जनवरी 1 तारिखमा) ठेगाना रहेको गाउँपालिका / नगरपालिका (जापान भित्र ठेगाना नभएको खण्डमा भने ☐ मा ✓ चिन्ह लगाउनुहोस्।)

| | | | |
|---|---|---|---|
| 神奈川 | 都 道 府 (県) | 横浜 | (市) 区 町 村 |
| ☐ जापान भित्र ठेगाना दर्ता नभएको। | | | |

| | | | |
|---|---|---|---|
| 神奈川 | 都 道 府 (県) | 横浜 | (市) 区 町 村 |
| ☐ जापान भित्र ठेगाना दर्ता नभएको। | | | |

> व्यक्तिगत नम्बर कार्ड आदिको फोटोकपि संलग्न गर्ने व्यक्तिको सन् 2023 जनवरी 1 तारिखको दिनको ठेगाना उल्लेख गर्नुहोस्।

※आय सच्याउने निवेदन या कर राशिलाई संशोधित गरेर गरिने निर्धारणद्वारा प्रान्तीय कर आय दरको राशि अथवा स्थानीय कर आय दरको राशि परिवर्तन भएको या छोडपत्र / मृत्युले भएको विछोड, बच्चा एडप्ट आदि द्वारा संरक्षकहरूको परिवर्तन भएको खण्डमा भने, भुक्तानी राशि परिवर्तन हुनसक्ने भएकाले, अवश्य पनि विद्यालयमा सम्पर्क गर्नुहोला।

**【3. कृपया ध्यान दिनुहोला】(निम्न बुँदाहरू पुष्टि गरेपछि, ☐ कोठा भित्र ठिक चिन्ह लगाउनुहोस्।)**

> निम्न बुँदाहरू पुष्टि गरेपछि, ☐ कोठा भित्र ✓ चिन्ह लगाउनुहोस्।

✓ 'उच्च माध्यमिक विद्यालय भर्ना टेवा रकम' लाई अध्यापन शुल्कमा भरण गर्नुका साथै, 'विद्यालय भर्ना टेवा रकम'को लाभ ग्रहणको लागि आवश्यक पर्ने प्रशासनिक प्रक्रिया विद्यालय प्रमुखलाई प्रत्यायोजन गर्ने कुरालाई अनुमोदन गर्छु।

विद्यालयमा प्राप्त मिति: साल महिना तारिख (विद्यालयले भर्ने)

**सबैले पेस गर्नुपर्ने कागजात रहेको छ।**

सूचना R5-E

आवेदन नदिएमा,

# अध्यापन शुल्क तिर्नुपर्ने हून्छ !

## ◆ निम्न कागजातलाई कार्यालय कक्षमा पेस गर्नुहोस्।

※ आवेदन नगर्ने व्यक्तिले पनि आवेदन गर्न चाहे नचाहेको निश्चय गर्नका लागि, "भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)" अवश्य पनि पेस गर्नुहोस्।

1 भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)

2 उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्तीका लागि योग्यता प्रमाणीकरण आवेदनपत्र . फारम नं)1 (

3 व्यक्तिगत नम्बर कार्ड आदिको फोटोकपि टाँस्ने कागज

※ सिद्धान्ततः संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति)को व्यक्तिगत नम्बर (माइनम्बर) भएको कागजातलाई टाँस्ने कागजमा गम लगाएर टाँस्नुहोला। (पृष्ठ 3 मा हेर्नुहोस्)

4 संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) को फोटो टाँसेको परिचय पत्रको फोटोकपि

◇ **कागजात भर्दा, विशेषगरी निम्न निश्चय गर्नुपर्ने बुँदालाई सही तवरले लेख्नुहोस्।**
**लेख्नु भएको विषयवस्तुमा गल्ती भेटिए समीक्षा गर्नमा ढिलाइ हुन सक्छ।**

- उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्ति योग्यता प्रमाणीकरण आवेदन फाराम (पछाडिको पृष्ठ) मा भएको संरक्षकको पूरा नाम, जन्ममिति
- उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्ति योग्यता प्रमाणीकरण आवेदन फाराम (पछाडिको पृष्ठ) को सन् 2023 जनवरी 1 तारिखको समयमा भएको ठेगाना स्थल

## ◆ वार्षिक आम्दानी करिब 91 लाख येन वा सो भन्दा बढी भएका घरपरिवार भने, भर्ना टेवा रकम प्रणालीको दायरा बाहिर पर्नेछन्।

◇ तलको हिसाब सूत्र (संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) सबैजना) बमोजिम हिसाब गरेको राशि, 『3 लाख 4 हजार 2 सय येन वा सो भन्दा बढी (वार्षिक आम्दानी करिब 91 लाख येन वा सो भन्दा बढी)』 भएका घरपरिवारले अध्यापन शुल्क तिर्नुपर्ने हुन्छ।

※ वार्षिक आय 91 लाख भनेको अन्दाजी मानक भएकोले, उक्त रकम नाघेपनि हिसाब गर्दा 3 लाख 4 हजार 2 सय येन भन्दा कम हुन आयो भने भर्ना टेवा रकम प्रणालीको दायरामा पर्ने अवस्था पनि हुनसक्छ)


**【हिसाब सूत्र】<u>स्थानीयवासी करको कर लागेको मानक राशि × 6% - स्थानीयवासी करको समायोजित कटौती राशि</u>**

※ सरकारी नियममा निर्धारित शहर भएमा, "समायोजित कटौती राशि" लाई 3/4 ले गुणन गरेर हिसाब गर्ने।

※भर्ना टेवा रकमको भुक्तानी प्राप्ति गर्न लागेको विद्यार्थी स्यवं चाँडै जन्मिएकोले, आश्रितले पाउने कर-कटौती लागु भएर अन्य उही शैक्षिक वर्षको विद्यार्थी भन्दा पनि एक वर्ष ढिला हुने अवस्था (सन् 2023 जुलाईदेखि आउँदो सालको जुनसम्मको हिस्साको सम्बन्धमा, सन् 2007 जनवरी 2 तारिखदेखि अप्रिल 1 तारिख बीचमा जन्मिएको विद्यार्थी दायरामा पर्ने) मा, संरक्षकहरूको कर लाग मानक राशिबाट 3 लाख 30 हजार येन कर-कटौती भएको राशि अनसार हिसाब निकालिने

संरक्षकको **करयोग्य मानक राशि** आदि **माइपोर्टल(マイナポータル)**बाट "**मेरो जानकारी"** अर्थात् तपाईँको जानकारी भन्ने पुष्टि गर्न सकिन्छ। ※ माइनम्बर कार्ड आवश्यक पर्छ।

マイナポータルHP




※ अध्यापन शुल्क वहन गर्नुपर्ने भएमा, सन् 2023 अगस्ट पछि उच्च माध्यमिक विद्यालयबाट जानकारी गराइन्छ।

◆ भर्ना टेवा रकम (सन् 2023 जुलाईदेखि आउँदो वर्ष जुनसम्मको हिस्सा)को समय तालिका

सन् 2023 जुन

**【भर्ना टेवा रकमको लागि आवेदन दिने भए】**

● पेस गर्ने कागजात

1 भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)
2 उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्तीकोलागि योग्यता प्रमाणीकरण आवेदनपत्र .फारम नं)1 (
3 व्यक्तिगत नम्बर कार्ड आदिको फोटोकपि टाँस्ने कागज
4 संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) को फोटो टाँसेको परिचय पत्रको फोटोकपि

**【आवेदन नदिने भए】**

● पेस गर्ने कागजात

1 भर्ना टेवा रकम पुष्टि पत्र

**पेस गर्ने समयसीमा：2023 साल年　　महिना　月　तारिख　日**

सन् 2023 जुलाई

सन् 2023 जुलाईदेखि आउँदो वर्ष जुनसम्मको हिस्साको समीक्षा

प्रान्तीय शिक्षा परिषद्ले व्यक्तिगत नम्बर (माइनम्बर) प्रयोग गरेर कर रकम निश्चय गरी, दायरामा पर्ने नपर्ने समीक्षा गर्नेछ।

समीक्षाको नतिजा हुलाक (समीक्षाको नतिजा हुलाक मार्फत सूचित गरिने छ।)

**※ भर्ना टेवा रकमको भुक्तानी प्राप्त गर्नसक्ने घरपरिवार भएपनि, आवेदन ढिला दिने, आवेदन नदिने गरेको खण्डमा, अध्यापन शुल्क चुक्ता गर्नुपर्ने भएकोले ध्यान पुर्‍याउनुहोस्।**

**※ अध्यापन शुल्क वहन गर्नुपर्ने भएमा, सन् 2023 अगस्ट पछि उच्च माध्यमिक विद्यालयबाट जानकारी गराइन्छ।**

## ◆ भर्ना टेवा रकमको आवेदन दिँदा माइनम्बरले सजिलो हुन्छ।

○ इनम्बर भएको कागजात पेस गरी, भर्ना टेवा रकमको दायरामा परेका व्यक्ति (प्राप्त गर्ने योग्यता प्रमाणित भएका व्यक्ति) को लागि, घरको अवस्था नबदलिए सम्म, **<u>दीक्षान्त हुँदासम्म सिद्धान्ततःआवेदन प्रक्रिया आवश्यक नपर्ने</u>** हुन्छ।

○ माइनम्बर थाहा हुने कागजात पेस नगरेका (माइनम्बरको सट्टा, कर लागु प्रमाणपत्र आदि पेस गरेका) व्यक्तिले, **<u>हरेक वर्षको जुलाईमा पुनः प्रक्रिया अपनाउनु पर्ने</u>** हुन्छ।

○ भर्ना टेवा रकमको दायरामा नपरेका व्यक्ति (लाभ प्राप्ति योग्यता प्रमाणीकरण नपाएका व्यक्ति) ले, **<u>त्यसपछिको वर्षको जुलाईमा आवेदनको प्रक्रिया अपनाउनु पर्ने आवश्यकता</u>** रहन्छ तर, <u>व्यक्तिगत नम्बर (माइनम्बर) थाहा हुने कागजात पुनः पेस गर्नुपर्ने भने हुँदैन</u>।

**【यस पटक】**
जुलाई 2023

**आवेदन**

| व्यक्तिगत नम्बर (माइनम्बर) थाहा हुने कागजात पेस | व्यक्तिगत नम्बर (माइनम्बर) थाहा हुने कागजात पेस नगरेका व्यक्ति |
|---|---|

↓

**समीक्षा**

- दायरामा परेका व्यक्ति (भर्ना टेवा रकमको लाभ प्राप्ति योग्यता प्रमाणीकरण भएका व्यक्ति)
- दायरामा नपरेका व्यक्ति (भर्ना टेवा रकमको लाभ प्राप्ति योग्यता प्रमाणीकरण नपाएका व्यक्ति)

【एक वर्ष पछि】
जुलाई

**सिद्धान्ततः प्रक्रिया अपनाउनु नपर्ने**
※ वर्षमा 1 पटक, यहाँहरूको घरबारको स्थिति बुझ्ने कार्य गरिन सक्छ।

आवेदन दिने / निवेदन दर्ता गर्ने / प्रक्रिया अपनाउने

दायरामा परेका व्यक्ति

दायरामा नपरेका व्यक्ति

【दुई बर्ष पछि】
जुलाई

आवेदन दिने / निवेदन दर्ता गर्ने / प्रक्रिया अपनाउने

※ प्रत्येक जुलाईमा, स्कूल भर्ना समर्थन कोष "आगामी वर्षको जुलाई देखि अर्को वर्षको जून" लाई सम्बन्धित वर्षको कर रकममा जाँच गरिनेछ।。

## ◆ व्यक्तिगत नम्बर (माइनम्बर) भएको कागजात भन्नाले?

○व्यक्तिगत नम्बर कार्डको फोटोकपि

○व्यक्तिगत नम्बर (माइनम्बर) उल्लेख भएको बसोबास पत्रको प्रतिलिपि

○व्यक्तिगत नम्बर (माइनम्बर) उल्लेख भएको बसोबास तथ्य उल्लेखित प्रमाणपत्रको सक्कल वा फोटोकपि

※बसोबास पत्र वा बसोबास तथ्य उल्लेखित प्रमाणपत्र, संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) बाहेकका व्यक्तिको हकमा भने, व्यक्तिगत नम्बर (माइनम्बर) उल्लेख नभएको पत्र पेस गर्नुहोला।




【सावधानी अपनाउनु पर्ने बुँदा】
सिद्धान्ततः व्यक्तिगत नम्बर सूचना कार्ड, प्रयोग गर्न मिल्दैन।




तथापि, उल्लिखित तथ्य (नामथर, ठेगाना, जन्ममिति, लिङ्ग, व्यक्तिगत नम्बर) मा परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना नभई, उल्लिखित तथ्यमा परिवर्तन नआएको खण्डमा, वा डिजिटल कार्यविधि ऐन प्रारम्भ मिति (सन् 2020 मे 25 तारिख) वा सो भन्दा अघि व्यक्तिगत नम्बर सूचना कार्डको उल्लिखित तथ्यको परिवर्तन प्रक्रिया सम्पन्न गरेको अवस्थामा मात्र, प्रयोग गर्न मिल्नेछ।

※व्यक्तिगत नम्बर सूचनापत्र, व्यक्तिगत नम्बर कार्ड जारी आवेदन फाराम या तिनीहरूको फोटोकपी, कानुनी नजरमा, माइनम्बर पुष्टि गर्ने कागजात नहुने भएकोले प्रयोग गर्न मिल्दैन।

◆ व्यक्तिगत नम्बर (माइनम्बर) लिनु वा प्रयोग गर्नुको उद्देश्य?

◇ **"स्थानीय करको कर योग्य मानक राशि" र "स्थानीय करको समायोजित कटौतीको राशि" पुष्टि गर्नको लागि प्रयोग गरिनेछ।**

※ जीवनयापन संरक्षण (निर्वाह सहायता) प्राप्त गर्ने घरपरिवारका सम्बन्धमा, लाभ प्राप्ति अवस्था हेर्नका निमित्त प्रयोग गरिने हुनसक्छ।

◆ सन् 2022को आय सम्बन्धमा कर घोषणा गर्नु भएको छ?

◇ **कर घोषणा नगरेको भए यथाशीघ्र घोषणा गर्न जानुपर्छ।**

आर्थिक वर्ष 2023को कर रकम (सन् 2022 जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिखसम्मको आय) अनुसार समीक्षा गरिन्छ।

माइनम्बरबाट कर विवरण प्राप्त गर्ने कार्य गरिने भएकोले, त्यस समयसम्ममा कर घोषणा नगरेर, कर रकम निर्धारण नभएको खण्डमा, **भर्ना टेवा रकमको समीक्षा गर्न मिल्दैन (लाभ भुक्तानी निर्धारण गर्न नमिल्ने भएर अध्यापन शुल्क तिर्नुपर्ने हुन्छ)**

◆ व्यक्तिगत नम्बर (माइनम्बर) बाहेकको कागजातले आवेदन दिएका व्यक्ति

◇ **कर लागु प्रमाण (खाजेइ स्योउमेइ स्यो) आदिले आवेदन गर्न पनि सकिने छ।**

इच्छा लागेका महानुभावले कार्यकक्षमा भन्नुहोला

यस अवस्थामा, तपाईले हालको वर्षको ट्याक्सेशन प्रमाणपत्र र अन्य कागजातहरू हरेक वर्ष जुलाईमा स्नातकसम्म बुझाउनु पर्छ।

(सन्दर्भ सामाग्री) घरायसी खर्चमा आकस्मिक परिवर्तन भएका घरपरिवारलाई दिइने टेवा सम्बन्धमा

◇ **घरायसी खर्चमा आकस्मिक परिवर्तन भएका घरपरिवारलाई दिइने टेवा भन्नाले**?

○ उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकमको समीक्षा गर्दा, वार्षिक आय करिब 91 लाख येन वा सो भन्दा बढी भएका घरपरिवारमा परेर, लाभ प्राप्तिको दायरामा नपरी, कक्षा शुल्क वहन गर्नुहुने महानुभाव भएपनि, त्यसपछि परिस्थितिवस घरायसी खर्चमा आकस्मिक परिवर्तन (आम्दानीमा अत्याधिक कमी) आउन गई, एक निश्चित शर्त भित्र परिन्छ भने उच्च माध्यमिक विद्यालयहरूको भर्ना टेवा रकम प्रणालीको घरायसी खर्चमा आकस्मिक परिवर्तन हुँदाको सहायता※को दायरामा परिने हुनसक्छ।

※आर्थिक वर्ष 2023मा "उच्च माध्यमिक विद्यालयहरूको भर्ना टेवा रकम प्रणालीमा घरायसी खर्चमा आकस्मिक परिवर्तन हुँदाको सहायता" स्थापना गरिएको हो। विस्तृतमा कार्यकक्षमा सोधपुछ गर्नुहोस्।

नबुझिएको कुरा, खानागावा प्रान्त________उच्च माध्यमिक विद्यालयको कार्यकक्ष फोन नं. ______मा सम्पर्क गर्नुहोला।

सबैले पेस गर्नुपर्ने

(सूचना R5-E)

# भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)

(आवेदन दिए पनि नदिए पनि अवश्य पनि पेस गर्नुहोस्।)

विद्यार्थीको नाम ________ क्लास वर्ष सेक्सन नम्बर

संरक्षक (नाम थर) 1 ________ दिउँसो सम्पर्क हुने फोन नम्बर ________

संरक्षक (नाम थर) 2 ________ दिउँसो सम्पर्क हुने फोन नम्बर ________

**ध्यान पुऱ्याउनु पर्ने बुँदा**

- निश्चय गर्नुपर्ने बुँदाको नम्बर अनुसार भर्नुहोला।
- कृपया विद्यार्थी आफैले लेख्नुहोस् संरक्षकले लेखिदिन पनि मिल्छ।

**निश्चय गर्नुपर्ने बुँदा1**

उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकममा आवेदन दिनुहुन्छ?
【निम्न मध्ये कुनै □ मा राइट चिन्ह लगाउनुहोस्।】

☐ आवेदन दिन्छु।
(भर्ना टेवा रकमको दायरामा परेमा, अध्यापन शुल्क वहन गर्नुपर्ने छैन।)

☐ आवेदन दिन्न।
(अध्यापन शुल्क तिर्नु पर्छ)

**निश्चय गर्नुपर्ने बुँदा 2**

पेस गर्नुपर्ने कागजात निश्चय गर्नुहोस्।

【पेस गर्नुपर्ने कागजात】
□ भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि) <मुख्य फारम>
लेख्नु पर्ने यहाँ सम्म मात्र हो। मुख्य फारम पेस गर्नुहोस्।
निश्चय गर्नुपर्ने बुँदा 3 का सम्बन्धमा, निश्चय गर्नुपर्ने केही पनि छैन।

【पेस गर्नुपर्ने कागजात】
- ☐ भर्ना टेवा रकम पुष्टि पत्र (माइनम्बरको लागि)<मुख्य फारम>
- ☐ उच्च माध्यमिक तहका विद्यालयहरूको भर्ना टेवा रकम प्राप्तीका लागि योग्यता प्रमाणीकरण आवेदनपत्र आय अवस्
  निवेदनपत्र
- ☐ व्यक्तिगत नम्बर कार्ड लगायतको फोटोकपि टाँस्ने कागज
- ☐ संरक्षकको फोटो टाँसेको परिचय पत्रको फोटोकपि
  ※ विद्यार्थी स्वयंले पेस गर्नुपर्ने कागजात एक सेट सिँधै पेस गर्ने हो भने, परिचय पत्रको फोटोकपिको आवश्यकता पर्दैन।
- ☐ अन्य ( )

**निश्चय गर्नुपर्ने बुँदा 3**

- निश्चय गर्नुपर्ने बुँदा ,छात्रवृत्ति लाभ रकम प्रणालीको दायरामा पर्ने सम्भावना रहेका घरपरिवारको व्यक्तिलाई ,को पेस गर्नुपर्ने कागजात हेरेर विद्यालयले सम्पर्क गर्ने हुन सक्छ।
- छात्रवृत्ति लाभ रकमको आवेदन गर्दा को 2 निश्चय गर्नुपर्ने बुँदा ,भर्ना टेवा रकमको आवेदनमा पेस गरेको कागजात पेस नगरे पनि हुने हुनसक्छ।
- छात्रवृत्ति लाभ रकम प्रणालीको बारेमा" ,लेख्ने उदाहरण हेर्नुहोस्। "

आवेदन दिने व्यक्तिलेपछाडिको पृष्ठ समेत ,

## निश्चय गर्नुपर्ने बुँदा 4

### व्यक्तिगत नम्बर कार्ड आदिको फोटोकपि टाँस्ने कागज माथि लेख्दा या टाँस्दा सतर्कता अपनाउनु पर्ने बुँदा

● मोटो धर्को भित्रको ठाउँमा हातले लेख्नुहोला।

【भर्ने ठाउँ】

- निश्चय गर्नुपर्ने बुँदा 5: विद्यार्थीको नाम थर, काताकानामा
- निश्चय गर्नुपर्ने बुँदा 6: संरक्षकको सङ्ख्या
  - संरक्षक 1 को नाम थर, व्यक्तिगत नम्बर (माइनम्बर), जन्म मिति
  - संरक्षक 2 को नाम थर, व्यक्तिगत नम्बर (माइनम्बर), जन्म मिति

※ एकल अभिभावक भएको अवस्थामा, संरक्षक 1 को ठाउँमा मात्र भर्नुहोला।

● संरक्षक सदस्य सबैको व्यक्तिगत नम्बर कार्डको फोटोकपि, लाई सम्बन्धित स्तम्भमा गम लगाएर टाँस्नुहोला।

● व्यक्तिगत नम्बर कार्डको फोटोकपि, पेस गर्न नसक्ने अवस्थामा, संरक्षक सबै सदस्यको व्यक्तिगत नम्बर उल्लेखित बसोबास पत्रको प्रतिलिपि, अथवा बसोबास तथ्य उल्लेखित प्रमाणपत्रको सक्कल वा फोटोकपिलाई मुख्य फारमसँगै राखेर पेस गर्नुहोला (टाँस्ने कागज माथि टाँस्नु पर्ने आवश्यकता रहँदैन)।

※ सिद्धान्ततः व्यक्तिगत नम्बर सूचना कार्ड, प्रयोग गर्न मिल्दैन।
तथापि, उल्लिखित तथ्य (नामथर, ठेगाना, जन्ममिति, लिङ्ग, व्यक्तिगत नम्बर)मा परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना नभई, उल्लिखित तथ्यमा परिवर्तन नआएको खण्डमा, वा डिजिटल कार्यविधि ऐन प्रारम्भ मिति (सन् 2020 मे 25 तारिख) वा सो भन्दा अघि व्यक्तिगत नम्बर सूचना कार्डको उल्लिखित तथ्यको परिवर्तन प्रक्रिया सम्पन्न गरेको अवस्थामा मात्र, प्रयोग गर्न मिल्नेछ।

व्यक्तिगत नम्बर कार्ड आदिको फोटोकपि टाँस्ने कागज माथि भर्ने / टाँस्ने गर्नुहोला।

➡ तर्फ अगाडि बढ्नुहोस्। **निश्चय गर्नुपर्ने बुँदा 5**

---

● (विद्यालयले प्रयोग गर्ने स्तम्भ) यो भन्दा तल विद्यालयले भर्नेछ। कृपया नभर्नुहोला।

● 提出状況の確認

| 提出書類 / 提出方法 | | 提出区分 | 確認票 | 申請書 | 台紙 | 個人番号コピー | | 身分証明書呈示 | | 身分証明書コピー提出 | | 生保証明 | その他 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 保護者1 | 保護者2 | 保護者1 | 保護者2 | 保護者1 | 保護者2 | | |
| 対面 | 生徒本人 | | | | | | | | | | | | |
| | 保護者全員 | | | | | | | | | | | | |
| | 保護者一部 | | | | | | | | | | | | |
| | その他 | | | | | | | | | | | | |
| 郵送・封入 | | | | | | | | | | | | | |

विद्यालयमा प्राप्त मितिः सन् ____ साल ____ महिना ____ तारिख

# व्यक्तिगत नम्बर कार्ड आदिको फोटोकपि टाँस्ने कागज

**निश्चय गर्नुपर्ने बुँदा 5**

विद्यालयमा प्राप्त मिति: सन् साल महिना

विद्यार्थीको नाम थर, काताकानामा समेत भर्नुहोस्।

| | |
|---|---|
| विद्यालयको नाम | खानागावा प्रान्तीय ●● उच्च माध्यमिक विद्यालय |
| विद्यालयको प्रकार, पाठ्यक्रम(सङ्काय), विषय | |
| विद्यार्थीको नाम थरलाई काताकानामा | |
| विद्यार्थीको नाम थर | |

